# हात्तीपाइलेविरुद्ध औषधि रोक्न रिट

**जनक नेपाल**

नेपालगन्ज- हात्तीपाइले रोगविरुद्ध खुवाइएको औषधिबाट बाँकेमा चार जनाको मृत्यु र सयौं बिरामी परेपछि गैरसरकारी संघसंस्थाहरूले औषधि वितरण र खुवाउने रोक्न आइतबार पुनरावेदन अदालतमा रिट निवेदन दर्ता गराएका छन् ।

जिल्ला प्रशासन र जनस्वास्थ्यलाई विपक्ष बनाएको रिटमा हात्तीपाइले औषधिको अत्यधिक प्रतिअसर पाइएकाले यसको गुणस्तर र विश्वसनीयता पुनःपुष्टि नहुन्जेल रोक लगाउन माग गरिएको छ । चैत १२ र १३ गते बाँकेसहित २६ जिल्लामा हात्तीपाइले रोग विरुद्ध औषधि खुवाउने अभियान चलाइएको थियो । उक्त मितिमा छुटेकालाई औषधि खुवाउने क्रम नरोकिएपछि अन्तरिम आदेशसहितको निषेधाज्ञाका लागि रिट दायर गर्नुपरेको अधिवक्ता प्रमोद रिजालले बताए । औषधि बाँड्न र खुवाउन रोक्न निषेधाज्ञा माग गर्नेमा मानव अधिकार र सामाजिक न्यायका क्षेत्रमा क्रियाशील बी ग्रुप, इन्प्रोक, मानव सुरक्षा सन्जाल, गैरसरकारी संस्था महासंघलगायत छन् ।

करिब ६० प्रतिशत घरदैलोमा प्रशिक्षणबिनाका स्वास्थ्यस्वयंसेवकमार्फत औषधि खुवाइएको निवेदकहरूको दाबी छ । 'जनस्वास्थ्य कार्यालयले यसमा गम्भीर हेलचेक्र्याइँ गरेको देखिन्छ,' निवेदकमा उल्लेख छ । महिला स्वयंसेवी अपुग भएपछि जनस्वास्थ्यले औषधि वितरण र खुवाउन एक दिने प्रशिक्षणका भरमा १ हजार ७ सयभन्दा बढी

- **प्रतिअसरका कारण सर्वसाधारणको ज्यान गयो** : अधिकारकर्मी
- **औषधिकै कारण मृत्यु हुन गएको पुष्टि भएको छैन** : जनस्वास्थ्य

परिचालन गरेको थियो । हात्तीपाइलेविरुद्ध डाइथायल कार्बामाजिल र अबलेन्डाजोल खुवाएलगत्तै मृत्यु भएका बाँकेका दुई बालकसहित ४ जनाको ज्यान जानुको कारण औषधि नै भएको आफन्तको दावी छ ।

स्वास्थ्य विभागले भने हात्तीपाइलेविरुद्धको औषधिको प्रतिअसरबाट मृत्यु भएको पुष्टि नभएको दाबी गरेको छ । विभागद्वारा प्रतिअसरबारे अनुसन्धान गर्न आएको टोलीका डा. यदुचन्द्र घिमिरेले भने, 'प्रतिअसरकै कारणले मृत्यु भएको अहिल्यै भन्न मिल्दैन । अनुसन्धान जारी छ ।' एक साताभित्रै औषधिको प्रतिअसरबारे अनुसन्धान पूरा हुने उनले बताए । बाँकेका २० प्रतिशत बासिन्दाको शरीरमा हात्तीपाइलेको परजीवी रहेको पाएपछि रोगविरुद्ध अभियान थालिएको जनस्वास्थ्य प्रमुख धीरजंग शाहले बताए । अघिल्लो वर्ष रझेना र वनकटवा गाविसमा गरिएको सर्भे परीक्षणमा एक सय सर्वसाधारणमध्ये ५३ मा हात्तीपाइले पोजेटिभ पाइएको थियो । 'राम्रोसँग औषधि खाएकामा प्रतिअसर छैन,' उनले भने ।

भेरी अञ्चल अस्पताल प्रमुख डा. विमल ढकालले अनुसन्धानबाट पुष्टि नहुँदै हात्तीपाइले औषधिको प्रतिअसरबाट मृत्यु भएको भन्न नमिल्ने बताए । 'औषधिले परजीवी र लार्भा एकैपटक मार्छ । धेरै परजीवी भएका व्यक्तिलाई बढी प्रतिअसर देखिन सक्छ,' उनले भने । केही स्वयंसेवीबाट कमजोरी भए पनि महिला स्वयंसेविकाले भने राम्रो भूमिका निभाएको ढकालले बताए ।